नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या : २०८२/०८३
चलानी नं

मिति २०८३-०५-२५

**हरितालिका तीज पर्व सभ्य, संयमित तथा मर्यादित रूपमा मनाउने सम्बन्धी सार्वजनिक सूचना**

मिति २०८३/०५/१० गते नेपाल–चीन सीमावर्ती क्षेत्रबाट भोटेकोशी लगायत नदी बेसिनमा आएको अप्रत्याशित तथा भीषण बाढीका कारण विभिन्न जिल्लाहरूमा ठूलो मानवीय तथा भौतिक क्षति भएको र त्यसबाट उत्पन्न पीडा तथा संकटपूर्ण अवस्थाका कारण राष्ट्रिय शोक मनाउनु परेको व्यहोरा सर्वविदितै छ। यसै सन्दर्भमा, नेपालीहरूको मौलिक एवं सांस्कृतिक पर्व हरितालिका तीजका अवसरमा आयोजना हुने कार्यक्रमहरूमा विद्यमान मानवीय संवेदनशीलतालाई समेत ख्याल राखी अनावश्यक तडकभडक नगरी नेपाली संस्कृति, परम्परा र मौलिकता कायम राख्दै सभ्य तथा मर्यादित रूपमा तीज पर्व मनाउनुहुन जिल्लावासी सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ, राजनीतिक दल, नागरिक समाज, विभिन्न संघसंस्था, क्लब, आमा समूह लगायत सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

८२/०५/२५
सन्तोष सुवेदी
प्रशासकीय अधिकृत